यो आकाशवाणी हो ।

31 -08-2025 आइतबार

मुख्य समाचार।

- देशले स्थानीय उत्पादलाई बढ़ावा दिन भोकल फर लोकल, आत्मनिर्भर भारत र विकसित भारतको मन्त्रका साथ आगि बढ्नुपर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको भनाई
- केन्द्रीय गृह मन्त्री अहमदाबाद र गान्धी नगरको आधिकारिक भ्रमणमा
- आत्मनिर्भरता केवल एउटा विकल्प नभएर अस्तित्व र प्रगतिको आधार रहेको रक्षा मन्त्री राजनाथ सिंहको धारणा , अनि
- भारत छिट्टै नै विश्वको तेस्रो सबैभन्दा ठूलो अर्थव्यवस्था बन्ने गतिमा

-------------

प्रधानमन्त्री-मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ, देशले स्थानीय उत्पादलाई बढ़ावा दिन भोकल फर लोकल, आत्मनिर्भर भारत र विकसित भारतको मन्त्रका साथ आगि बढ्नु पर्छ । आज आकाशवाणीबाट मन की बात कार्यक्रममा उहाँले भन्नुभयो, चाडपर्वको मौसममा, देशवासीले स्वदेशमै निर्मित कुराहरूको अधिकतम उपयोग गर्न आह्वान गर्नुभयो। प्रधानमन्त्रीले भन्नुभयो , चाडपर्वको खुशी बीच स्वच्छतामा जोड दिरहनुपर्छ किनभने जहाँ स्वच्छता छ, त्यहाँ चाडपर्वको आनन्द पनि अझै बढ्छ ।

Byte pm mankibat

उहाँले एक भारत-श्रेष्ठ भारतको भावना देशको विकासका लागि धेरै आवश्यक रहेको र यसमा खेलको ठूलो भूमिका रहेको पनि बताउनुभयो । श्री मोदीले श्रीनगरमा आयोजित प्रथम खेलो इण्डीया जल क्रीड़ा उत्सवको चर्चा गर्नुभयो जसमा देशभरीबाट आठ सय खेलाडीले भाग लिएका थिए।

भारत- चीन

प्रधानमन्त्री नरेन्द्र मोदी र चीनका राष्ट्रपति शी जिनफिङ्गले भन्नुभएको छ, दुई देश आपसी विकासका साझेदार हुन्, न कि एक-अर्काका विरोधी र तिनका मतभेद , विवादमा बदलिनु हुँदैन। श्री मोदी र श्री चिनफिङ्गले चीनको तियानचिनमा Shanghai सहयोग संगठनको बैठकको क्रममा भेटघाट गर्नुभयो । प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, सीमामा शान्ति बनाइ राख्न आपसी सम्बन्धको निरन्तर विकासका लागि आवश्यक छ । दुबै नेताले पछिलो वर्ष सीमामा दुबै देशका सैनिकको वापसीमा सन्तोष व्यक्त गर्नुभयो । दुबै नेताले समग्र द्विपक्षीय सम्बन्ध र दुबै देशको दीर्घकालिक हित बनि रहोस् भनेर सीमा मुद्दाको निष्पक्ष, तर्कसंगत र परस्पर स्वीकार्य समाधानमा सहमति व्यक्त गर्नुभयो।

अमित शाह- गुजरात दौरा

केन्द्रीय गृह र सहकारिता मन्त्री अमित शाह आज अहमदाबाद र गान्धी नगरको आधिकारिक यात्रामा हुनुहुन्छ। श्री शाहले आज बिहान गोटा र चान्द लोदिया वार्डो-मा शहरी स्वास्थ्य केन्द्रको उद्घाटन गर्नुभयो । उहाँले विरूवा रोपण कार्यक्रममा भाग लिनुभयो र ऐतिहासिक भद्रकाली मन्दिरमा पूजा-अर्चना गर्नुभयो । श्री शाहले पुनर्विकसित सरदार बागको उद्घाटन

पनि गर्नुभयो ।

## तेलंगाना-विधानसभा विधेयक

तेलङ्गाना विधानसभाले आज पन्चायती राज (संशोधन) विधेयक, दुई हजार पचिस र तेलङ्गाना नगरपालिका (संशोधन) विधेयक, दुई हजार पचिस सर्वसम्मतिले पारित गर्यो । यी विधेयहरूकको लक्ष्य आगामी स्थानीय निकाय चुनावमा पछाडिएका वर्गका लागि बयालिस प्रतिशत आरक्षण लागू गर्नु हो।

## राजनाथ-रक्षा सम्मेलन

रक्षा मन्त्री राजनाथ सिंहले भन्नुभयो, रक्षा क्षेत्रमा आत्मनिर्भरता केवल एउटा विकल्प नभएर अस्तित्व र प्रगतिको आधार हो। उहाँले हिजो नयाँ दिल्लीमा एउटा रक्षा सम्मेलनमा भन्नुभयो, आत्मनिर्भर भारतले आफ्नो सामरिक स्वायत्तताको रक्षा गर्न सक्छ । अपरेशन सिन्दूरको सफलताका बारेमा श्री सिंहले भन्नुभयो, यो अपरेशन देशको बढ्दो स्वदेशी रक्षा क्षमताहरूको एउटा उत्कृष्ट उदाहरण हो। उहाँले भन्नुभएको छ, स्वदेशी उपकरणको उपयोग गरेर पाकिस्तानी ठिकानामा सशस्त्र बलको सटीक हमलाले देखाइदियो कि दूरदर्शिता, लामो तयारी र समन्वय बिना कुनै पनि मिशन सफल हुनसक्दैन । श्री राजनाथ सिंहले भन्नुभयो, डी.आर.डी.ओ-ले यस महीनामा एउटा स्वदेशी एकीकृत वायु रक्षा हतियार प्रणालीको सफलतापूर्वक परीक्षण गऱ्यो, जो प्रधानमन्त्रीको दृष्टिकोणलाई साकार गर्ने दिशामा पहिलो कदम हो।

आयुष - शिखर सम्मेलन

आयुष मन्त्रालयले तिन अनि चार  सितम्बरमा नयाँ दिल्लीको अखिल भारतीय आयुर्वेद संस्थानमा राष्ट्रीय आयुष मिशन र राज्यहरूमा क्षमता निर्माणमा विभागीय शिखर सम्मेलनको आयोजना गर्नेछ । यसको अध्यक्षता राज्य मन्त्री प्रतापराव जाधवले गर्नुहुनेछ । दुई दिनको यस सम्मेलनको उद्देश्य राष्ट्रीय आयुष मिशनलाई बलियो बनाउनु, राज्यमा क्षमता निर्माणमा वृद्धि गर्नु र समग्र स्वास्थ्य सेवालाई बढ़ावा दिनका लागि राज्य  बीच सहयोगलाई राम्रो बनाउनु हो । यस दृष्टिकोण अनुरूप, नीति आयोगले वित्तीय प्रबन्धन, आयुष चिकित्सा सम्बन्धी गुणवत्ता आश्वासन, सूचना प्रौद्योगिकी आदिका बारेमा चर्चालाई अघि बढ़ाउनका लागि छ  उप-समूहहरूको पहचान गरेको छ।

आरबीआई-भारतीय अर्थव्यवस्था

भारतीय रिजर्व ब्याङ्क – आर.बी.आई –का  गवर्नर सन्जय मल्होत्राले भन्नुभएको छ, भारत छिट्टै नै  विश्वको तेस्रो सबैभन्दा ठूलो अर्थव्यवस्था बन्नेछ । उहाँले देशको विकासमा तेजीका लागि प्रधानमन्त्री जन धन योजनालाई श्रेय दिनुभयो । रिजर्व ब्याङ्कका गवर्नरले यो टिप्पणी यस्तो समयमा गर्नुभयो ,जब चालू वित्त वर्षको अप्रैल-जून तिमाहीमा भारतको सकल घरेलू उत्पाद-को वृद्धि दर सात दशमलव आठ प्रतिशत रह्यो, जो पछिलो पाँच त्रैमासिकमा सबैभन्दा अधिक छ ।

इन्दौरको रंगवासा गाउँमा सरकारी ब्याङ्कको वित्तीय समावेशन अभियान "सन्तृप्ति शिविर" –लाई सम्बोधन गर्दै श्री मल्होत्राले भन्नुभयो, केन्द्र सरकार र रिजर्व ब्याङ्कले एघाह्र साल पहिले ब्याङ्कको सहयोगले जन धन योजना शुरू गरेको थियो जसको पूरा देशमा विकास भयो । रिजर्व ब्याङ्कका गवर्नरले भन्नुभयो ,देशको विकास यात्रामा सबै वर्गको भागीदारी सुनिश्चित गर्नका लागि यस योजना अन्तर्गत पचपन्न करोड़ खाता खोलियो, जसले बचत, पेन्शन, बीमा, ऋण र अन्य सेवाहरू प्रदान गरिदैछ।

आईसीएआई-दुबई-बिग फर्म

इन्स्टीटीउट अफ चारटर्ड अकाउनटेन्टस् अफ इण्डिया को दुबई चेप्टर-ले एउटा ठूलो कार्यक्रमको आयोजना गर्यो, जसको उद्देश्य भारतको महत्वाकाङ्क्षी दृष्टिकोणमा र केन्द्रित थियो, जसमा पारम्परिक बिग फोर फर्मलाई टक्कर दिनका लागि आफ्नो वैश्विक परामर्श कम्पनीहरू स्थापित गर्न शामेल थियो । लोकसभा सांसद र पूर्व सूचना एवं प्रसारण मन्त्री अनुराग सिंह ठाकुर "अडिट र वैश्विक परामर्शको भविष्य" को विषयमा आयोजित यस कार्यक्रममा मुख्य अतिथी हुनुहुनथ्यो । कार्यक्रमलाई सम्बोधन गर्दै आई.सी.ए.आई-का अध्यक्ष जय प्रकाश अग्रवाल-ले भारतमा स्वदेशी परामर्श क्षमताहरूको विकासको तत्काल आवश्यकतामा बल दिनुभयो ।

मौसम

मौसम विभागले आज पश्चिमी उत्तरप्रदेश, पन्जाब, हरियाणा, चण्डीगढ़, पूर्वी राजस्थान, हिमाचल प्रदेश र उत्तराखण्डमा तिव्र वर्षाको अनुमान व्यक्त गरेको छ । असम, मेघालय,

नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरा, छत्तीसगढ़, तटीय आन्ध्रप्रदेश, गुजरात, मध्य प्रदेश, उत्तराखण्ड र विदर्भमा चट्याङ्ग संगै बिजुली चमकिने तथा तेज़ हवाका साथ पानी पर्ने सम्भावना छ । दिल्ली, Muzaffarabad, कोनकण र गोवा, मध्य महाराष्ट्र, ओडिशा, पश्चिम बंगाल, सिक्किम र तेलङ्गानामा पनि भारी बर्षा हुन सक्ने सम्भावना छ ।

अनत्यमा मुख्य समाचार फेरी एक पल्ट

- . देशले स्थानीय उत्पादलाई बढ़ावा दिन भोकल फर लोकल, आत्मनिर्भर भारत र विकसित भारतको मन्त्रका साथ आगि बढ़्नुपर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको भनाई
- केन्द्रीय गृह मन्त्री अहमदाबाद र गान्धी नगरको आधिकारिक भ्रमणमा
- आत्मनिर्भरता केवल एउटा विकल्प नभएर अस्तित्व र प्रगतिको आधार रहेको रक्षा मन्त्री राजनाथ सिंहको धारणा , अनि
- भारत छिट्टै नै विश्वको तेस्रो सबैभन्दा ठूलो अर्थव्यवस्था बन्ने गतिमा

आकाशवाणीबाट सुन्नुहुँदैथियो समाचार पूरा भयो।